आज मिति २०७६ साल पौष २८ गतेका दिन यस गेरुवा गाउँपालिकाका - अध्यक्ष श्री जमान सिंह के.सी ज्यू को अध्यक्षतामा गाउँ कार्यपालिकाको - २८ औं बैठक बसी तपशिल बमोजिमको उपस्थितिमा तपशिलका निर्णयहरू पारित गरियो ।

उपस्थिती

श्री जमान सिंह के.सी अध्यक्ष
" हिमा कुमारी थरुनी उपाध्यक्ष
" दयाराम वैद्य थरु सदस्य
" आलोक कुमार थरु "
" पुनाराम थरु "
" बल बहादुर चलाउने "
" धर्म प्रकाश थरु "
" टेक बहादुर चौधरी "
" राजु बडुवाल खत्री "
" मोविला शर्मा पौडेल "
" शान्ति चौधरी "
" चन्द्ररूपा कामी "
" लाछिम बहादुर नेपाली "
" बम बहादुर वि.क. "
" कासी प्रसाद फोंनी सचिव

आमन्त्रित

श्री कुल नारायण चौधरी नि.प्र.

Scanned with CamScanner

निर्णय नं.१ हिन्दुहरुको महान चाड माघे संक्रान्तिको अवसरमा २०८६ साल माघ १ गते देखी ३ गते सम्म ३ दिन यस गाउँपालिका अन्तर्गतका सम्पूर्ण सरकारी कार्यालय, विद्यालयहरु, सार्वजनिक संस्थानहरुमा सार्वजनिक बिदा दिने निर्णय गरियो ।

निर्णय नं.२ यस गाउँपालिका वडा नं.१ मा संचालित सामुदायिक गाई उद्धार केन्द्र (गौशाला) मा रहेका गाईहरुको आहारा (पराल) खरिद एवं ढुवानी तथा गौशाला व्यवस्थापन का लागी सामुदायिक गाई उद्धार केन्द्र (गौशाला) संचालन समिती द्वारा खर्च भएको भनि पेश भएको खर्च रकम रु.४५२३८०/- (अक्षरेपी : चार लाख बाउन्न हजार तीनसय असी मात्र) मनासिब खर्च देखिएकोले गाउँपालिका बाट भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं.३ यस गाउँपालिका वडा नं.१ स्थित सामुदायिक गाई उद्धार केन्द्रमा गाईहरुको आहारा राख्न तथा गाईहरुको उचित व्यवस्थापनको लागी टहरा निर्माण गर्न अति आवश्यक देखिएकोले प्राविधिक स्टिमेट बमोजिम टहरा निर्माण कार्य अगाडी बढाउने निर्णय गरियो ।

निर्णय नं.४ यस गाउँपालिका वडा नं.१ हरिपुर र राजापुर न.पा. लाई जोड्ने चैनपुरको सीमानामा पर्ने कैलानालामा बनेको पक्की पुल भत्केर राजापुर न.पा. संग जोडिएको खुला बाटोमा आवत जावत गर्न नसकिने अवस्था भएकोले तत्काल प्राविधिक स्टिमेट तयारी तपसिल बमोजिमको योजना टेण्डर प्रक्रिया बाट निर्माण कार्य संचालन गर्न अगाडी बढाउने र स्रोत सुनिश्चितता आगामी गाउँसभा बाट गर्ने निर्णय गरियो ।

Scanned with CamScanner